Article DOI: https://doi.org/10.3126/jeri.v5i1.88623

Journal of Educational Research and Innovation
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp.109-120
Indexed in Nepal Journals Online (NepJOL)

बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण

ललित प्रकाश चन्द
मध्यपश्चिम विश्वविद्यालय
वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर, बाँके
Email: chandlalit046@gmail.com

लेखसार

प्रस्तुत लेख बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण शीर्षकमा केन्द्रित छ । यस लेखमा बहुभाषिक कक्षामा कस्ता समस्या रहेका छन् ? ती समस्याको समधान कसरी गर्न सकिन्छ ? भन्ने समस्या रहेका छन् । यिनै समस्याहरूको समधान गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय अध्ययन कार्यका माध्यमबाट द्वितीय स्रोतका सामग्रीहरू सङ्कलन गरी त्यसको विश्लेषण गरिएको छ । दुई वा दुईभन्दा बढी भाषाका विद्यार्थीहरू भएको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । यस्तो बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण जटिल र चुनौतिपूर्ण हुन्छ । भाषा शिक्षकले सम्बन्धित विद्यार्थीहरूका भाषिक पृष्ठभूमि, रूचि, क्षमता, मनोविज्ञानलाई बुझेर त्यसका आधारमा विद्यार्थीहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी सोही अनुसारका शिक्षण विधि, सामग्री र पाठ्वस्तु प्रयोगका माध्यमबाट उत्प्रेरणा र सवलीकरण गरेर बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन सकिने प्रस्तुत लेखको निष्कर्ष रहेको छ ।

Article Info.

Article History
Received: 7August 2025
Revised: 4 November 2025
Accepted: 13 December 2025

Copyright Information
Copyright 2025 © The author(s).

Publisher

Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

प्रमुख शब्दावली: बहुभाषिक कक्षा, भाषिक सिप, सम्प्रेषणीयता, प्रत्यक्ष विधि, व्याकरण विधि।

विषयपरिचय

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश भएकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । यी विभिन्न मातृभाषा बोल्ने विद्यार्थीहरू विद्यालयमा आउनु स्वाभाविक हो । भाषा विचार आदान प्रदानको एक प्रभावशाली माध्यम हो | बहुभाषिकता समाजमा पाइने भाषिक व्यवहार हो | यसलाई दुई वा सोभन्दा बढी भाषा प्रयोग गर्ने क्षमताका रूपमा पनि लिइन्छ | समाजमा व्यक्ति मात्र नभई

समुदाय नै बहुभाषिक हुनसक्छन (अधिकारी, २०५६, पृ. ३४) । बालबालिकाहरूको ज्ञान प्राप्त गर्ने मुख्य थलो विद्यालय हो । कुनै पनि विद्यालयले समाजको सूक्ष्म रूपको प्रतिबिम्ब प्रस्तुत गरिरहेको हुन्छ । जसरी एउटा समाजमा धनी -गरीब, शिक्षित - अशिक्षित, जात-जाति, भेष-भुषा, संस्कृति परम्परामा विविधता देखिन्छ त्यसरी नै भाषाभाषीमा पनि विविधता देखिन्छ । समाजका तिनै बालबालिका विद्या आर्जन गर्नका लागि विद्यालयमा आउने भएकाले त्यो समाजको विविधता विद्यालयको कक्षाकोठामा प्रष्ट रूपमा प्रतिबिम्बित हुन्छ । आफ्ना घरपरिवारमा आफ्नै मातृभाषामा रमाउने विद्यार्थीहरूका लागि विद्यालयमा एकै चोटि नेपाली भाषासँग सम्पर्कमा आउँदा केही भाषिक कठिनाइहरू देखा पर्दछन् । नेपाल बहुभाषीहरूको स्थल भएकाले यहाँका विद्यालयहरूमा बहुभाषिक परिवेश रहनु स्वाभाविक छ । कक्षाकोठामा देखिएको बहुभाषिकता तथा विद्यार्थीहरूको अन्तर्वैयक्तिकतालाई सम्बोधन गर्नु निकै चुनौतिपूर्ण रहेको छ । हरेक समुदायका बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा ग्रहण गर्न पाउने अधिकारलाई सुनिश्चित गर्नु पर्ने अवस्था एकातिर रहन्छ भने अर्कोतिर राष्ट्रिय आवश्यकताको मूल धारमा समाहित गर्नु पर्ने पनि हुन्छ । यसरी बालबालिकाका जातिगत, धर्मगत, पेसागत, संस्कृतिगत, भाषागत लगायतका वैयक्तिक आवश्यकतालाई सम्बोधन गरेर उचित व्यवस्थापन गर्न चुनौतिपूर्ण हुन्छ । समाजका विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको आगमन पश्चात शिक्षकले पनि नेपाली भाषा शिक्षण गर्दा विविध समस्यासँग जुध्नु पर्दछ । बहुभाषिक र बहुजातीय समाजबाट शिक्षा आर्जनका लागि विद्यालयमा पाइला टेकेका विद्यार्थीहरूलाई नेपाली भाषामा स्तरीय अभिव्यक्ति दिन सक्ने बनाउन उनीहरूको भाषिक क्षमताले के कति मात्रामा सहयोग पुर्याउछ सो कुराको निक्र्यौल गर्नुपर्छ । नेपालका सन्दर्भमा १२४ भाषा अस्तित्वमा रहेका छन भने अन्य रिपोर्ट नभएका भाषा गरेर यो सङ्ख्या बढ्न सक्ने देखिन्छ (जनागणना, २०७८) । नेपालका प्रमुख १० भाषाहरूमा नेपाली ४४.८६ प्रतिशतले, ११.०५ प्रतिशतले मैथिली, ६.२४ प्रतिशतले भोजपुरी, ५.८८ प्रतिशतले थारू, ४.८८ प्रतिशतले तामाङ, ३.८९ प्रतिशतले बज्जिका, २.९६ प्रतिशतले अवधि, २.९६ प्रतिशतले नेवारी, २.७८ प्रतिशतले मगर धुत र १.७ प्रतिशतले डोटेली बोल्ने गरेको पाइन्छ । यस तथ्याङ्कलाई हेर्दा नेपाली मातृभाषीको सङ्ख्या ४४.८६ प्रतिशत छ भने अन्य मातृभाषी हुनेहरूको सङ्ख्या ५५.१४ प्रतिशत देखिन्छ । यसको प्रभाव विद्यालय तथा विश्वविद्यालयका कक्षाहरूमा देखिन्छ । २०६२ सालसम्म राष्ट्रभाषाको सम्मान पाएको नेपाली भाषालाई नेपालको अन्तरिम संविधान २०६३ ले सरकारी कामकाजको मान्यता दिएको छ (लामिछाने, २०६८, पृ. ५८) । यही कुरालाई नेपालको संविधान २०७२ ले पनि उल्लेख गरेको छ । यसर्थ नेपालका विद्यालय तथा विश्वविद्यालयहरूमा नेपाली भाषा शिक्षणलाई अनिवार्यरूपमा शिक्षण गर्नु पर्ने आवश्यकता देखिएको पाइन्छ । विद्यालय तहमा नेपाली भाषा सिक्न पहिलो भाषाको रूपमा र दोस्रो भाषाको रूपमा विद्यार्थीहरू आउने गर्दछन् । तिनीहरू मध्ये कसैले घरमा नै धेरै भाषाको वातावरण पाएका हुन्छन भने कसैले थोरै वातावरण पाएका हुन्छन त कसैले पाउदै नपाएको हुन्छन (पौडेल, २०६६, पृ.३०) । यस्ता विद्यार्थीहरूमा मगर-नेपाली, तामाङ-नेपाली, थारु-नेपाली, नेवार-नेपाली विद्यार्थीहरू हुने गर्दछन् ।

दुईभन्दा बढी भाषाको प्रयोग गर्ने स्थितिलाई बहुभाषी भनिन्छ । एउटा कक्षामा दुईभन्दा बढी भाषिक समुदायका बालबालिका रही कक्षाकोठामा दुईभन्दा बढी भाषा प्रयोग हुने कक्षाकोठालाई बहुभाषिक कक्षा भनिन्छ (अधिकारी र शर्मा, २०६४, पृ. १८) । लेपाली भाषा मातृभाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीका बिच विविध भाषिक भेदका कारण भाषामा असमानताहरू भेटिन्छन् भने बहुभाषिक परिवेशमा भाषा शिक्षण गर्दा

विभिन्न भाषाभाषीहरू एकै स्थानमा रहने हुँदा भाषिक असमानता भेटिनु स्वाभाविक हुन्छ ।बहुभाषिक शिक्षा हाम्रो जस्तो बहुभाषिक तथा बहुसास्कृतिक परिवेशको देशका लागि कतिपय स्थितिमा एउटा उपयुक्त साधन हुन सक्छ (अधिकारी, २०६७, पृ. २५४) । एउटै कक्षामा गुरूङ, मैथिली, अवधी, तामाङ, नेवार, शेर्पा, मगर, थारु आदि विद्यार्थीहरूलाई सँगै राखेर स्तरीय नेपाली भाषा शिक्षणको प्रयासलाई बहुभाषिक परिवेशमा नेपाली शिक्षण भनिन्छ । पहिलो भाषाको रूपमा तथा दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण भन्दा बहुभाषी कक्षा शिक्षण जटिल हुन्छ (खनिया, २०६५, पृ. २०१) । बहुभाषिक कक्षामा दुई वा दुईभन्दा बढी विद्यार्थीहरू हुने गर्दछन् । विभिन्न परिवेश र भूगोलबाट आउने बालबालिकाका मनोकाङ्क्षा, चाहना, रुचि, इच्छालाई ध्यान दिएर शिक्षण गर्न चुनौतिपूर्ण रहेको छ (बडू र जोशी, २०७८, पृ. ८०) । भाषा शिक्षकले मातृभाषामा शिक्षण गर्न तत् स्थानमा प्रयोग गरिने भाषाहरू सिक्न तयार हुनु पर्ने हुन्छ । एउटा मातृभाषी विद्यार्थीको भाषाका शब्दको ज्ञान शिक्षकलाई थाहा नहुन सक्छ । विद्यार्थीका जातजातिगत, चाडपर्वसम्बन्धी, धर्म संस्कृतिसम्बन्धी शब्दका बारेमा बुझ्न शिक्षकले तत्परता देखाउनु पर्दछ .

नेपालमा धेरैभन्दा धेरै विद्यालयहरूमा बहुभाषिक विद्यार्थीहरू रहेको पाइन्छ । विशेष गरी बाग्मती प्रदेश, मधेश प्रदेश, सुदुरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका अधिकांश विद्यालयहरूमा बहुभाषिक कक्षाहरू हुने गर्दछन् । यसर्थ बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने शिक्षकहरू निकै सचेत, सुयोग्य, प्रशिक्षित र इमान्दार हुनु आवश्यक छ । यस्तो कक्षामा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि र दक्षताको पहिचान गरी उनीहरूका त्रुटि क्षेत्र पहिचानका साथ विविध शिक्षण सामग्री, विधि र पद्धतिका माध्यमबाट नेपाली भाषाको प्रभावकारी र उद्देश्यमूलक शिक्षण गर्नु कुशल भाषा शिक्षकको कर्तव्य हुन आउछ । नेपाली भाषा शिक्षणलाई कसरी प्रभावकारी बनाउने, नेपालका भाषाभाषी समुदायका विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षणमा दक्ष बनाएर आफ्नो राष्ट्रप्रति जिम्मेवार नागरिक तयार पार्न प्रस्तुत अनुसन्धानात्मक लेख औचित्यपूर्ण हुनुका साथै नेपाली भाषा शिक्षण गर्ने शिक्षक, नेपाली भाषा सिक्ने विद्यार्थी र पाठ्यपुस्तक लेख्ने लेखक समेतलाई उपयोगी हुने अपेक्षा गरिएको छ।प्रस्तुत अनुसन्धानात्मक लेख बहुभाषिक कक्षा शिक्षणमा के कस्ता समस्या रहेका छन ? बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्याको समधान कसरी गर्न सकिन्छ ? भन्ने दुईवटा समस्यामा केन्द्रित रहेको छ ।

अध्ययनको उद्देश्य

भाषा शिक्षण भाषिक सिप तथा पक्षको शिक्षण हो । यो बानी निर्माणमा आधारित हुने गर्दछ । दुई वा दुईभन्दा बढी भाषिक समुदायका विद्यार्थीहरू एउटै कक्षामा आइ भाषा सिक्ने कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । नेपालको सन्दर्भमा यस्ता बहुभाषिक कक्षाहरू बढीभन्दा बढी रहेको पाइन्छ । यसर्थ यस अनुसन्धानात्मक लेखमा बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्याको पहिचान गर्नु, बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्याहरूको विश्लेषण गरी समधानको खोजी गर्नु जस्ता दुईवटा उद्देश्य राखी तिनै उद्देश्यमा केन्द्रित भई प्रस्तुत लेख तयार गरिएको छ ।

अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक विधिमा आधारित रहेको छ । यस अध्ययनमा सैद्धान्तिक किसिमका पुस्तक, अनुसन्धानात्मक लेख, इन्टरनेटमा उपलब्ध सामग्रीहरू उपयोग गरिएको छ । यस अनुसन्धानात्मक लेखमा

आवश्यक सामाग्रीहरु संकलन पुस्तकालयीय कार्यको माध्यमबाट गरिएको छ । यस लेखको विश्लेषणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

सैद्धान्तिक अवधारणा

बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण अध्ययनका लागि नेपाली भाषा शिक्षण, सामाजिक र प्रायोगिक भाषा विज्ञान, प्रायोगिक भाषा विज्ञान, नेपाली भाषा विज्ञानका सन्दर्भहरू, नेपाली भाषा र साहित्य शिक्षण, सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको विश्लेषणलाई नै प्रमुख सैद्धान्तिक आधारको रूपमा लिइएको छ । यसका लागि अधिकारी (२०६७), अधिकारी (२०५६), पौडेल (२०७४), शर्मा र पौडेल (२०७९), रिमाल (२०७४ बैशाख), आदि सन्दर्भ सामग्रीलाई उपयोग गरिएको छ ।

दुईभन्दा बढी भाषाको प्रयोग हुने अवस्था बहुभाषिकता हो । आपसी सम्प्रेषणका लागि भाषा प्रयोगको त्यस्तो स्थिति हो, जसमा वक्ताहरू दुईभन्दा बढी भाषाको उपयोग गर्दछन् (अधिकारी, २०५६, पृ. ३४) । समाजमा देखिने यस्तो बहुभाषिकताको प्रत्यक्ष प्रभाव कक्षा शिक्षणमा देखिन्छ । दुईभन्दा बढी स्थानीय भाषा वा मातृभाषा बोल्ने विद्यार्थीहरूको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । यस्ता कक्षामा नेपाली भाषा बाहेक अन्य तिन, चार, पाँच भाषासम्म मातृभाषा भएका विद्यार्थीहरूको जमघट हुन सक्छ (शर्मा र पौडेल, २०७६, पृ. ३९) । नेपाली भाषा शिक्षणका सन्दर्भमा एउटै कक्षाकोठामा दुईभन्दा बढी मातृभाषा भएका विद्यार्थीहरूको सम्मिश्रणको स्थितिलाई बहुभाषिक परिवेश भनिन्छ । श्रीवास्तव (१९९२) का अनुसार "कुनै बच्चा घरमा मिजो बोल्दछ, स्कुलमा अङ्ग्रेजी तथा हिन्दीमा पढाइ हुन्छ, यस्तो बेला उसलाई विद्यालयमा समायोजन हुन निकै मुस्किल हुन्छ । किनकि उसले आफ्नो भाषा प्रयोगको मौका पाएको हुदैन । उदाहरणका लागि अरू कति बच्चाहरू घरमा गुजराती, मराठी या हिन्दी बोल्दछन् तर स्कुलमा पढाइको माध्यम भने अङ्ग्रेजी छ भने यस्तोमा एकभन्दा बढी भाषाका सम्पर्कमा आउँछन र विस्तारै विस्तारै एक आपसका भाषामा एक स्तरको सम्प्रेषण कुशलता आर्जन गर्दै जान्छन् । यस्तो बेलामा उनीहरूका बिच एक अर्कोका भाषालाई सम्मान तथा स्वीकार गर्ने प्रवृत्ति विकास हुन्छ । यहीबाट बहुभाषिकताको पैदा हुन्छ" (पृ.५३०) । एकभाषिक विद्यार्थी भएको ठाउँमा भन्दा बहुभाषिक विद्यार्थी भएको ठाउँमा नेपाली भाषा शिक्षण कठिन हुन्छ ।

बहुभाषिक स्थितिमा कक्षाका विद्यार्थीको स्तर र क्षमता समेतलाई दृष्टिगत गरी एकै समूह, एकभन्दा बढी समूह विभाजन गरेर पनि शिक्षण गर्न सकिन्छ । शर्मा (२०७४) का अनुसार "बहुभाषिक कक्षामा नेपाली शिक्षक निकै सचेत, सुयोग्य र सुप्रशिक्षित हुनु आवश्यक छ । सर्वप्रथम विविध भाषाभाषी विद्यार्थीहरू पहिचान गरी सोही अनुरूप समूह विभाजन गर्ने, समूहको आवश्यकता अनुरूपका पाठ्य सामग्री उपलब्ध गराउने, सोही अनुरूपका बहुभाषिक वा दोस्रो भाषा शिक्षणका विधि र प्रविधि रोजेर उपयुक्त ढङ्गले शिक्षण गर्ने, निरन्तर मुल्याङ्कन, अनुगमन र पृष्ठपोषण प्रदान गर्ने आदि प्रक्रियालाई उच्च दक्षताका साथ अपनाउनु आवश्यक छ" (पृ. ३९) । नेपाली भाषा शिक्षकले बहुभाषिक कक्षामा सबै भाषाप्रति समान सम्मान गर्नुपर्छ । हाम्रो भाषालाई पनि शिक्षकले उत्तिकै सम्मान गर्छ भन्ने वातावरण सिर्जना गर्नु पर्दछ । बहुभाषिक कक्षामा अभ्यासमा निरन्तरता र त्रुटि न्यूनीकरण तर्फ लाग्नु पर्दछ । भिन्नाभिन्नै भाषिक पृष्ठभूमिका बालबालिकाहरुलाई भाषिक सास्कृति तथा अर्को भाषाको उपयोग गर्ने क्षमताको विकास गर्नका लागि कक्षामा भाषिक विविधताको सम्बोधन जरूरी छ (रिमाल, २०७४ बैशाख, पृ. २१) । विभिन्न शैक्षिक सामग्री, चित्र, वस्तु आदिको सहयोग,

उपयुक्त शैक्षिक वातावरण सिर्जना, योग्य प्रशिक्षित कुशल शिक्षक, अनुशासित वातावरण, जिज्ञासु र लगनशील विद्यार्थी, सहयोगी अभिभावक तथा उपयुक्त भौतिक, सामाजिक, सांस्कृतिक परिवेशले पनि बहुभाषिक शिक्षणमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यस तर्फ विशेष ध्यान दिन जरूरी छ । यिनै सैद्धान्तिक आधारहरूको प्रयोग यस लेखमा गरिएको छ ।

पुर्वकार्यको पर्यावलोकन

यस उपशीर्षकमा बहुभाषिक कक्षा शिक्षण सम्बन्धी केही अध्ययन अनुसन्धानको पुनरावलोकन गरिएको छ :

अधिकारी (सन् २०२१) द्वारा बहुभाषिक शिक्षाको सन्दर्भमा निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था शीर्षकमा अनुसन्धानात्मक लेख तयार गरिएको छ । यस लेखमा बहुभाषिक शिक्षाको सन्दर्भमा निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था विश्लेषण गर्ने उद्देश्य राखिएको पाइन्छ । यो लेख गुणात्मक प्रकृतिको भएकाले सहभागीका बिचमा भए गरेका भाषिक व्यवहारको प्राकृतिक वातावरणमा अध्ययन गरिएको पाइन्छ । द्विभाषिक लाभको सिद्धान्तलाई आधार मानी गरिएको यस अध्ययनमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा कास्की जिल्लाको पोखरा महानगरअन्तर्गत बहुभाषिक समुदायमा स्थित निजी विद्यालयका कक्षा एकको गणित विषयको कक्षा, एकजना गुरुङ भाषी शिक्षक र प्रधानाध्यापकलाई नमुनाका रूपमा छनोट गरिएको पाइन्छ । अवलोकन र अन्तर्वार्ता जस्ता उपकरणको प्रयोग गरी तथ्यांक संकलन गरेर अध्ययन गरिएको देखिन्छ । अनुसन्धान कर्ता सम्बन्धित कक्षामा गएर विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थी र प्रधानाध्यापकसँग छलफल गरी आवश्यक नोट टिप्ने र अडियो रेकर्ड गरेर तथ्यांक संकलन गरी विश्लेषण गरिएको पाइन्छ । यस अनुसन्धानात्मक लेखमा नेपालमा परीक्षण परियोजना मार्फत कार्यन्वयनमा ल्याएको बहुभाषिक शिक्षा कार्यक्रमलाई गैर नेपाली मातृभाषीमा सीमित गरिएको र बहुभाषिक सक्षमताको विकास गर्न नसक्ने देखिएकाले बहुभाषिक शिक्षाप्रतिको बुझाइ स्पष्ट हुन नसकेको देखिन्छ । निजी विद्यालयले गुणात्मक शिक्षाको कडी मान्ने गरेको अंग्रेजी माध्यम मात्रले पनि बालबालिकाले सहज रूपमा सिकाइ उपलब्धि हासिल गर्न नसक्ने र जनेबुझेको भाषासँगै अन्य भाषामा समान भाषिक सक्षमता हासिल गर्न नसक्ने देखिन्छ भन्ने निष्कर्ष यस लेखमा रहेको छ ।

जोरा (सन् २०२०) द्वारा बहुभाषिक प्रवृति र नेपाली सन्दर्भमा बहुभाषिक शिक्षाको आवश्यकता शीर्षकमा अनुसन्धानात्मक लेख तयार पारेको पाइन्छ । बहुभाषिक शिक्षाको आवश्यकता यस लेखको उद्देश्य रहेको पाइन्छ । बहुभाषिक शिक्षा विद्यार्थीहरुको संज्ञानात्मक र साक्षरता कौशलको लागि महत्वपूर्ण मानिएको पाइन्छ । मातृभाषा वा मातृभाषाको पहुचबाट भाषा सिक्नेहरुका लागि अझ राम्रो र प्रभावकारी हुने देखिन्छ । साचो अर्थमा बहुभाषिक शिक्षाले विद्यार्थीको पहिलो भाषा र लक्षित भाषाको बीचमा पुलको काम गर्ने देखिन्छ । तसर्थ बहुभाषिक शिक्षाको माध्यामबाट भाषिक विविधताको विकास हुने देखिन्छ । भाषिक विविधता भएको नेपाल जस्तो बहुभाषिक देशमा बहुभाषिक शिक्षा आवश्यक रहेको निष्कर्ष यस लेखमा रहेको पाइन्छ ।

मिया (सन् २०२२) द्वारा बहुभाषिक सन्दर्भमा अंग्रेजी माध्यम निर्देशन : शिक्षकको विचारधारा र अभ्यासहरू अन्वेषण शीर्षकमा अनुसन्धानात्मक लेख तयार पारेको पाइन्छ । यस लेखमा इएमाइ कक्षाकोठामा अंग्रेजी माध्यमबाट पढाउने आधारभूत तहका शिक्षकहरुको वैचारिक दृष्टिकोणको अन्वेषण गर्नु उद्देश्य रहेको पाइन्छ । यो लेख गुणात्मक अनुसन्धान ढाचामा आधारित रहेको पाइन्छ । यस लेखमा उद्देश्यपूर्ण गैर अनियमित नमुना प्रविधिका माध्यमबाट नमुना जनसंख्या छनोट गरिएको छ । नमुना जनसंख्याको रूपमा चार आधारभूत

तहका शिक्षकहरुलाई लिइएको छ । तथ्यांक संकलनको लागि अन्तर्वार्ता र कक्षाकोठा अवलोकन जस्ता साधनहरुको प्रयोग गरिएको पाइन्छ । प्राप्त तथ्यांकलाई गुणात्मक रूपमा विश्लेषण गरिएको पाइन्छ । कक्षाकोठामा विद्यार्थीहरुलाई पाठ स्पष्ट पार्न शिक्षकहरुले बढी मातृभाषा अझ विशेषगरी नेपाली भाषा प्रयोग गरेको देखिएको छ । अनुवाद, कोड स्विचिंग र कहिलेकाही परफ्रेजिंग एकै कक्षामा शिक्षण अध्यापनको रूपमा प्रयोग गरिएको पाइन्छ । रोजगारी बजार, अन्तराष्टियकरण र नब उदारवादले इएमआइको वृद्धिद्वारा बढावा दिएको पाइयो । विद्यार्थीहरू कक्षाकोठामा निष्क्रिय श्रोताको रूपमा फेला परेको देखिन्छ । विद्यार्थी र शिक्षकबीचको अन्तरक्रिया विरलै हुने गरेको, विद्यार्थीहरुलाई विस्तृत प्रश्नहरुको उत्तर लेखेर सहयोग गरिएको देखिन्छ । इएमआइ सार्थक बनाउन व्यावसायिक तालिम पर्याप्त शिक्षण सामग्री र प्रशिक्षित शिक्षकहरू केन्द्रित हुनुपर्छ भन्ने निष्कर्ष यस लेखमा रहेको छ ।

सील र अन्य (सन् २०१५) ले अन्तराष्ट्रिय स्तरमा झैं नेपालमा बहुभाषिक (मातृभाषा, नेपाली र अंग्रेजी) शिक्षाको माध्यम अपनाउनु आवश्यक भएपनि कुनै विद्यालय अंग्रेजी मात्र माध्यममा जना लागेका र कुनै अंग्रेजीबाट नेपाली माध्यमतर्फ मोडिन थालेको अन्यौलग्रस्त अवस्था भाषा प्रयोगका क्रममा सामुदायिक विद्यालयका कक्षाकोठामा रहेको उल्लेख गरेको छ । उक्त अध्ययनले समुदायिक विद्यालयका बहुभाषिक कक्षाकोठामा बहुभाषा प्रयोगका अवस्था अन्योल रहेको उजागर गरेको छ । यस अध्ययनले निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था अध्ययन गरी शिक्षकका धारणा जानकारी लिन आवश्यक रहेको देखाउछ । अध्ययनले नेपालका लागि अत्यावश्यक मानिएको बहुभाषिक शिक्षालाई एकलभाषी सिद्धान्तमा केन्द्रित गरेको देखिन्छ ।

बहुभाषिक कक्षामा शिक्षण सिकाइको भाषाका सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले आधारभूत तह (कक्षा १-३) मा शिक्षाको माध्यम मातृभाषा र विद्यालय तहमा शिक्षण सिकाइको माध्यम नेपाली, अंग्रेजी वा दुवै माध्यम हुन सक्ने व्यवस्था गरेको पाइन्छ । यसले बहुभाषिक कक्षामा विद्यार्थीको आवश्यकताअनुसार मातृभाषा, नेपाली र अंग्रेजी दुवै उपयोग गर्न सकिने देखिन्छ ।

रिमाल (२०७१) को एक अध्ययनले पनि पहिलो भाषा र दोस्रो भाषा शिक्षण सम्बन्धी सिप शिक्षकलाई दिनु आवश्यक भएको कुरा देखाएको छ । सो अध्ययनमा रिमालले भाषिक विविधता सम्बोधन गर्नको लागि बहुभाषिक शिक्षण सिकाइका लागि उपयुक्त शिक्षण विधि उपयोग गर्नुपर्ने उल्लेख गरेका छन् । अवस्थी (सन् २००४) को एक अध्ययनले पनि एक भाषिक शिक्षण सिकाइ गतिविधिले बहुभाषिक विद्यार्थीको उपलब्धी न्यून हुन गएको देखाएको छ । यसले पनि बहुभाषिक कक्षा शिक्षणको आवश्यकतालाई औंल्याएको देखिन्छ । यी अध्ययनको विश्लेषण गर्दा यो अध्ययन नितान्त नयाँ भएकाले यसले नेपाली भाषा शिक्षक, सम्बन्धित निकाय र विद्यार्थीहरुलाई सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।

विमर्श र परिणाम

प्रस्तुत लेख विशेष गरी बहुभाषिक कक्षामा नेपाली शिक्षणका समस्यासँग सम्वन्धित भएकाले यहाँ क्रमशः बहुभाषिक शिक्षणको आवश्यकता, बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्या र समधानका उपायको चर्चा सहित निष्कर्षमा पुगेर तयार पारिएको छ । यहाँ क्रमशः तिनको चर्चा गरिन्छ :

बहुभाषिक शिक्षणको आवश्यकता

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा उनीहरूले सुरूमा आफ्नो मातृभाषा बाहेकका माध्यमबाट शिक्षण हुने कक्षामा भाषा नबुझ्दा उनीहरू स्कुलमा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने अवस्था देखिएको पाइयो । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सिप उनीहरूले सहजरूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरसता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः उसलाई नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुने देखियो । बालबालिकालाई मातृभाषाका माध्यमले वा मातृभाषामा शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रूचिकर भई शिक्षण सिकाइ प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जाने देखिन्छ । अझ प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा उनीहरूमा पढाइ र सिकाइ राम्रो हुने कुरा यस अध्ययनले देखाएको छ । त्यसैले पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिदैन । बच्चाले घरपरिवारमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बच्चासँग बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुने गरेको पाइन्छ । पढाइ र लेखाइ सिप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको मातृभाषा वा पहिलो भाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो भएको देखियो । बच्चालाई उसको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुने गरेको पाइयो । मातृभाषा बालबालिकाले राम्ररी बुझ्न र उपयुक्त गतिमा बोल्न सक्छन् । बालकले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन भन्ने कुरा यस अध्ययनले देखेको छ । भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ । बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु हुँदैन । बालकलाई अपरिचित भाषामा सिक्न बाध्य पारियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नु पर्ने हुन्छ । अतः बालकलाई पूर्णरूपले अपरिचित जस्तै अङ्ग्रजी भाषा सिक्न दबाब दिइयो भने ऊ सिकाइबाट विच्छेद हुन्छ र उसले अबुझाइको चर्को मार खेप्नु पर्ने देखिन्छ । यसो गर्नु भनेको बालकलाई सिकाइको अवसर वञ्चित गर्नु सरह हुन्छ । पहिलो भाषामा सिकेका सिप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ । अर्थात एउटा भाषामा सिकेका साक्षरताका सिपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ ।

भयरहित तथा बालमैत्री वातावरणमा सिकाइयो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा दुईभन्दा बढी भाषा बोल्न र बुझ्न सक्ने देखियो । प्राथमिक शिक्षाको ५ वर्षभित्र विस्तारै पहिलो, दोस्रो र तेस्रो भाषामा क्रमागत रूपले शिक्षा दिनुपर्ने देखिएको पाइयो । कम्तिमा ५ वर्षदेखि ८ वर्षसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ । प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः क्षेत्रीय र राष्ट्रिय भाषालाई पनि आंशिक रूपले माध्यम भाषा बनाउनु उपयुक्त मानिन्छ । माध्यम भाषालाई पहिलो भाषाबाट दोस्रो र दास्रोबाट तेस्रोमा क्रमागत सङ्क्रमण गराइएमा सिकाइ सहज हुने देखिन्छ । शिक्षकले बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्दा उपयुक्त सामग्रीको छनोट, शिक्षण विधि र प्रविधिको उपयुक्त तरिकाले छनोट गरी शिक्षण गर्नु पर्दछ (ढकाल, २० जेष्ठ, २०७७, स्काइ न्युज नेपाल) । यसरी हेर्दा समग्रमा मातृभाषा तथा बहुभाषा शिक्षणको आवश्यकता र महत्त्व स्पष्ट रहेको पाइयो । विभिन्न जनजाति, भाषाभाषी,

समूहहरूको शिक्षामा सहभागिता र संलग्नता बढाउन यसको आवश्यकता देखिन्छ । आदिवासी, जनजाति र अल्पसङ्ख्यक भाषाभाषी समुदायका बालबालिकालाई बहुभाषिक शिक्षा दिन सकिएमा उनीहरूले शिक्षा पाउने अधिकार सुनिश्चित हुने देखियो । यसले बालबालिकाको शैक्षणिक क्रियाकलापमा सहभागिता र उपब्धिस्तर बढाउछ । बालबालिकाले बिचैमा विद्यालय नछोडी तह पूरा गर्न सहयोग पुग्छ । बालबालिकाको बोध र अभिव्यक्ति क्षमता बढ्छ । यसर्थ बहुभाषिक शिक्षणको आवश्यकता र महत्त्व रहेको पाइयो ।

बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्या

दुईभन्दा बढी भाषाको प्रयोग हुने अवस्था बहुभाषिकता हो । बहुभाषिक कक्षा भन्नाले एउटा कक्षाकोठामा दुईभन्दा बढी भाषा प्रयोग हुने कक्षाकोठालाई बुझाउछ । शिक्षण कार्य आफैमा चुनौतिपूर्ण हुन्छ । शिक्षकको अर्थ र शिक्षणको मर्म सार्थक त्यसबेला हुन्छ, जव उत्पादित जनशक्ति प्रतिस्पर्धा, चरित्रवान, समयानुकूल, सक्षम, योग्य र नैतिकवान हुन्छ । पाठ्यवस्तुको सहज सम्प्रेषण, बाल मनोवैज्ञानिक, विविध शिक्षण विधि र पद्धतिको प्रयोग, वैयक्तिक भिन्नता, उत्प्रेरणा तथा सवलीकरण जस्ता पक्षको व्यावहारिक प्रयोगविनाको भाषा शिक्षणलाई सफल र प्रभावकारी बनाउँन सकिदैन भन्ने कुरा यस अध्ययनले देखाउछ ।

भाषिक पृष्ठभूमिका आधारमा प्रायः कक्षाहरू एकभाषिक, द्विभाषिक र बहुभाषिक हुने गर्दछन् । एक भाषिक कक्षामा एउटै मातृभाषा भएका, द्विभाषिक कक्षामा दुईवटा मातृभाषा भएका विद्यार्थी हुन्छन भने बहुभाषिक कक्षामा विभिन्न मातृभाषा भएका विद्यार्थी हुने गर्दछन् । ती विद्यार्थीहरूको पहिलो भाषाको रूपमा आफ्नो पहिलो भाषा नै उनीहरूको आफ्नो मातृभाषा हुन्छ भने दोस्रो वा तेस्रो भाषाका रूपमा उनीहरूले नेपाली सिकेको देखियो । अधिकारी (२०६५) ले नेपाली भाषाको भाषिक वातावरण नपाएका विद्यार्थीहरुमा सम्प्रेषणीयताको अभाव भएको , जसका कारण त्यस्ता विद्यार्थीहरू कक्षा कार्यकलापमा कम सक्रिय हुन्छन् (पृ. २०२) । बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्ने शिक्षकमा बहुभाषाको ज्ञान नभएको पाइयो । यस्तो अवस्थामा शिक्षण गर्दा सामान्य कुराहरू त नेपाली भाषा कै माध्यमबाट सिकाउन पनि त्यति गाह्रो हुदैन तर विभिन्न भाषाभाषी विद्यार्थीका धार्मिक, सांसकृतिक वा अन्य यस्तै विशिष्ट पक्षका बारेमा उनीहरूलाई जानकारी गराउन वा व्यवहृत तुल्याउन भने कठिन हुने गरेको देखियो । उनीहरूले ती कुरालाई सही रूपमा आत्मसाथ गर्न र सही रूपमा अभिव्यक्त गर्नमा कठिनाइ अनुभव गरेको पाइयो । विद्यार्थीको वैयक्तिक क्षमता बुझ्न र उनीहरूका भाषिक त्रुटिहरू निराकरण गर्न पनि बहुभाषिक कक्षामा समस्या नै पर्ने गरेको देखियो । एकजना शिक्षकले सम्पूर्ण मातृभाषाको ज्ञान राख्नु पनि सम्भव छैन । एक वा दुईभाषी समाज भएको विद्यालयमा त्यस्ता शिक्षक उपलब्ध भएको पाइयो तर जहाँ बहुभाषी समाजको बसोबास छ त्यहाँका विद्यालयमा बहुभाषी शिक्षकको व्यवस्थापन गर्नु समस्याको रूपमा देखियो । कुनै एउटा भाषाको बाहुल्य रहेको समाजमा अल्पभाषी विद्यार्थीका समस्याहरू ओझेलमा परेको पाइयो ।बहुभाषी कक्षामा सबै भाषिक सिपको अभ्यास हुने गरी व्यवस्थापन गर्न कठिन भएको र Pp६}शब्दको पनि फरक फरक भाषामा प्रयोग सन्दर्भ भिन्न भिन्न हुने गरेको देखियो ।विद्यार्थीहरुमा विविधता पाइने हुनाले यस प्रकारका कक्षामा अनुशासन सम्बन्धी समस्या देखिन सक्छ (आचार्य र गौतम, २०६५, पृ. १८५) ।कुन भाषामा विभिन्न शब्दको के कसरी प्रयोग गरिन्छ भन्ने कुरा विद्यार्थीलाई सोधेर प्रयोग गर्न सकिए पनि त्यो आधिकारिक नहुने गरेको पाइयो ।

माध्यामिक तथा उच्च माध्यामिक तहमा भन्दा तल्लो तहका बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्न जटिल हुने गरेको पाइयो, किन कि माथिल्ला तहमा आइपुग्दा नेपाली इतर मातृभाषा हुने विद्यार्थीहरू नेपाली भाषातर्फ केही हदसम्म नजिक भएको पाइयो । औपचारिक कक्षाले पनि उनीहरूलाई नेपाली भाषाको सैद्धान्तिक र व्यहारिक पक्षतर्फ परिचित गराएको देखियो । छोटकरीमा एकभाषी कक्षाभन्दा बहुभाषी कक्षामा नेपाली भाषा शिक्षण गर्नु स्वाभावैले कठिन भएको पाइयो ।आधारभूत तहका बालबालिकालाई मातृभाषामा शिक्षा दिने कुरा संविधानमा सुनिश्चित गरिएको छ र तदअनुरूप केही विद्यालयहरूमा मातृ भाषामा पठनपाठन संचालन पनि गरिएको देखियो तर सबै मातृभाषामा पाठ्यपुस्तक तथा सामग्रीको विकास भइनसकेको पाइयो । एउटै कक्षामा बहुभाषिकता भएको अवस्थामा कुनै भाषाको सामग्री उपलब्ध हुनु र कुनै भाषाको सामग्री उपलब्ध नहुने कुराले यस्ता कक्षा कोठाको व्यवस्थापन गर्न निकै जटिलता उत्पन्न भएको देखियो ।बहुभाषिक कक्षा शिक्षणका विविध प्रकारका महत्त्व र फाइदाहरू हुँदाहुदै पनि नेपालको परिवेशमा यसलाई व्यवहारमा उतार्न विभिन्न प्रकारका कठिनाइ वा समस्याहरू रहेको पाइयो । नेपाली भाषा शिक्षणमा देखिएका समस्याहरू निम्न प्रकारका रहेका छन् :

क) मातृभाषाको सङ्ख्या अति धेरै हुनु र एकै ठाउँमा एउटै मातृभाषाको पर्याप्त सङ्ख्या नहुँदा छरिएर रहेका विद्यार्थीलाई शिक्षण गर्ने व्यवस्था मिलाउन कठिन भएको,

ख) एउटा विद्यालयमा धेरै मातृभाषी विद्यार्थीहरू हुँदा र पर्याप्त विद्यार्थी नहुँदा भाषा अनुसारका शिक्षक व्यवस्था गर्न कठिनाई भएको,

ग) बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षकहरू तालिम प्राप्त र अनुभवी नभएको,

घ) विभिन्न भाषाका विद्यार्थीलाई एउटै कक्षामा शिक्षणका लागि अन्य साधन स्रोतको अभाव देखिनु,

ङ) बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षकलाई उपयुक्त तालिमको व्यवस्था नगरिएको,

च) बहुभाषिक कक्षा शिक्षणका लागि उपयुक्त पाठ्यपुस्तक र शैक्षिक सामग्रीको अभाव रहको,

छ) बहुभाषिक कक्षा शिक्षणका लागि शिक्षकको दरवन्दी स्वीकृत नभएको,

ज) मातृभाषाबाट प्राप्त ज्ञान सिपलाई निरन्तरता दिन समस्या रहेको,

झ) बहुभाषिक कक्षा शिक्षणको आवश्यकताका बारेमा राज्य वा सरकारले बेवास्था गरेको,

बहुभाषिक कक्षा शिक्षणमा देखिएका समस्या र समधानका उपाय

बहुभाषिक कक्षामा दुई वा दुईभन्दा बढी भाषिक समुदायका विद्यार्थीहरू एउटै कक्षामा आएर भाषा सिक्छन् । यस्तो खालको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । यस्ता कक्षामा जुनसुकै परिस्थितिको पनि सामना गरी सफलतापूर्वक शिक्षण गर्नु कुशल भाषा शिक्षकको गुण हो । अभ्यास तथा पुनरावृति, स्तरण तथा क्रमबद्धता, स्तरीय र उपयुक्तता, भाषिक समझको उपयोग, योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कण, एककालिकता, एकीकृत कार्यक्रम, सहकार्यकलाप आदि भाषा शिक्षणका गुण एवम् सिद्धान्त हुन् । जुनसुकै प्रकृतिको भाषा शिक्षणमा पनि यस्तो सिद्धान्तलाई अपनाउनै पर्दछ । बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र प्रभावकारी बनाउन यस्तो कक्षा शिक्षणमा देखिने समस्याको समधान तर्फ सम्बन्धित शिक्षक सचेत, योग्य र इमान्दार भई समर्पित हुनु पर्दछ । सम्बन्धित पक्षको समेत यसमा चासो आवश्यक हुन्छ । शर्मा र पौडेल (२०६८) का अनुसार “बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षक नै बहुभाषाको ज्ञाता भए झनै राम्रो हुन्छ तर त्यो सम्भव नभएमा सम्बन्धित शिक्षकलाई नै तालिम तथा प्रशिक्षण दिइ काम चलाउन सकिन्छ र यसक्रममा विविध

भाषाभाषी विद्यार्थीहरूको पहिचान गरेर सोही अनुरूप समूह विभाजन गर्ने, समूहको आवश्यकता अनुरूपका पाठ्यसामग्री उपलब्ध गराउन पहल गर्ने, सोही अनुरूपका बहुभाषिक शिक्षण विधि र प्रविधि रोजेर उपयुक्त ढङ्गले शिक्षण गर्ने, निरन्तर मूल्याङ्कन, अनुगमन, उत्प्रेरणा र पृष्ठपोषण प्रदान गर्ने, आवश्यकता अनुसारका श्रव्य, दृश्य पाठ्य सामग्रीको प्रयोग गर्ने, सम्बद्ध भाषाषीका विद्यार्थीसँग निरन्तर सम्पर्कमा रही त्रुटि वा समस्या समधानमा सक्रिय रहने, भाषा शिक्षणका सिद्धान्तलाई अपनाउने गर्नाले बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र सार्थक बनाउन सकिन्छ" (पृ. ४७) । नेपाली समाज बहुभाषिक छ । कक्षाकोठामा पनि विभिन्न मातृभाषा हुने विद्यार्थी हुन्छन् । यस्ता कक्षामा भाषा शिक्षण गर्दा प्रत्यक्ष विधि, व्याकरण अनुवाद विधि, निगमनात्मक पद्धति, आगमनात्मक पद्धति, मौन विधि, श्रुतिभाषिक पद्धति, सम्प्रेषणात्मक पद्धति, समुदाय, भाषिक सिकाइ जस्ता शिक्षण विधि तथा पद्धतिको प्रयोग आवश्यकता अनुसार गर्न सकिन्छ (नेपाली भाषा शिक्षण, २०६५, पृ. २०३‘२०६) । मातृभाषा नेपाली हुने र नहुनेलाई एकै प्रकारका पठन कार्यकलाप गराउनु उपयुक्त हुँदैन । अन्य मातृभाषाका कतिपय ध्वनि/शब्द नेपालीमा हुँदैनन् । उनीहरूलाई नेपाली भाषाका ध्वनि उच्चारणमा विशेष अभ्यास गराउनु पर्दछ । बहुभाषिक परिवेशमा नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीले प्रयोग गर्ने भाषाको भाषिक व्यवस्थामा शिक्षक परिचित हुनुपर्छ र उचित शिक्षण प्रविधिको प्रयोग गरी शिक्षण गर्नुपर्छ । शिक्षण सामग्रीको सार्थक प्रयोग गर्दै सिप केन्द्रित अभ्यासात्मक कार्यहरू अगाडि बढाउनु पर्दछ । बहुभाषिक कक्षा शिक्षणमा हुने समस्यालाई समधान गर्न निम्न उपाय अपनाउनु पर्दछ :

क) दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरूमा उच्चारण त्रुटि देखिन्छन् । तिनलाई सच्याउन मोखिक अभ्यास गराउनु पर्दछ, जस्तै : नेपाली भाषा मातृभाषा नहुनेले नेपाली ट वर्गका शब्दको उच्चारणमा त्रुटि देखिन सक्छ । लिम्बु भाषामा आकारान्त उच्चारण हुन्छ । तामाङ भाषामा पनि आकारान्त उच्चारण हुन्छ । यिनलाई सच्याउन त्रुटियुक्त शब्दका सूची बनाइ उच्चारण अभ्यास गराउनु पर्दछ । श्रव्यदृश्य सामग्रीको प्रयोग गरी विद्यार्थी मातृभाषा र नेपालीमा हुने उच्चारण समानता, भिन्नता र त्रुटि क्षेत्र पहिचान गराउनु पर्दछ ।

ख) नेपाली भाषाका पठन सामग्रीमा नेपालीइतर मातृभाषाका शब्दको उपयोग गर्ने, सामग्रीको रूपान्तरण/अनुवाद गर्ने, बहुभाषिक शिक्षण विधि अपनाउने, चित्र, श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने, नेपाली र अन्य भाषाका शब्दको संज्ञान सूची बनाइ अभ्यास गराउनु पर्दछ ।

ग) पढाइ सिप विकासका लागि नेपाली भाषाको पाठ्यवस्तुलाई अन्य मातृभाषामा अनुवाद गरेर वा नगरी नेपालीमा प्रश्न सोधेर आप्mनै मातृभाषामा उत्तर दिने वा विद्यार्थीको मातृभाषामा उत्तर दिने अवसर दिइ अभ्यास गराउन सकिन्छ ।

घ) विद्यार्थीका पठन कार्यकलापमा नेपाली भाषामा अभ्यास गराउँदा अन्य मातृभाषीलाई कठिनाइ भएमा मातृभाषामा सङ्केत गरिदिएर सहयोग गर्नु पर्दछ ।

ङ) पहिलो भाषा वा मातृभाषामा सिक्ने सिकाइ वातावरण सिर्जना गर्ने, जस्तै मातृभाषाका शब्द, वाक्यको प्रयोग गर्ने ।

च) पठनसिप विकासमा प्रशस्त अभ्यास गर्ने गराउने ।

छ) धेरै सुनाइ र बोलाइमा जोड दिने ।

ज) त्रुटि विश्लेषण र चिनारी गरी निराकरणात्मक शिक्षण गर्ने ।

झ) भूल र प्रयत्न सिद्धान्तको उपयोग गर्ने ।

ञ) अभ्यास तथा सवलीकरण प्रक्रिया अवलम्बन गर्ने ।

ट) विविध शिक्षण सामग्री उपयोग गर्ने ।

ठ) श्रव्यदृश्य सामग्री लगायत विविध प्रकारका शिक्षण सामग्रीको प्रयोगमा जोड दिने ।

ड) विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्ने ।

ढ) मातृभाषा शिक्षण गर्ने शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने ।

ण) मातृभाषा शिक्षणका लागि पर्याप्त मात्रामा पाठ्यपुस्तक र शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने ।

त) विद्यार्थीको भाषिक पृष्ठभूमि, रूचि, क्षमतालाई पहिचान गरेर शिक्षण गर्नुपर्ने ।

थ) निरन्तर मूल्याङ्कनको व्यवस्था गनुपर्ने ।

द) विभिन्न शैक्षणिक विधि(व्याकरण, अनुवाद, प्रत्यक्ष, श्रुतिभाषिक पद्धति) हरूको प्रयोग उपयोग गर्नुपर्ने।

ध) भाषा शिक्षणका सिद्धान्त आवश्यकता अनुकूल अवलम्बन गर्ने आदि ।

न) भाषापरिवारका आधारमा विद्यार्थीलाई विभाजन गर्ने ।

प) योजनाबद्ध शिक्षण गर्ने ।

फ) मूल्याङ्कन, परीक्षामा दुबै भाषाको प्रयोग गर्ने ।

निष्कर्ष

नेपालको सन्दर्भमा बहुभाषिक शिक्षणको महत्त्वपूर्ण भूमिका र आवश्यकता रहेको पाइन्छ । पहिलो भाषाका रूपमा तथा दोस्रो भाषाका रूपमा भन्दा बहुभाषिक परिवेशमा नेपाली भाषा शिक्षण चुनौतिपूर्ण रहेको पाइन्छ । विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई एउटै कक्षामा राखेर शिक्षण गर्नु अवश्य पनि सजिलो हुदैन । भाषा सिक्ने क्रममा विद्यार्थीहरूका आआफ्ना भाषिक पृष्ठभूमि, रूचि, क्षमता, धार्मिक, सांस्कृतिक परिवेश आदिले गर्दा भाषा शिक्षणमा समस्या उत्पन्न हुन जान्छ । त्यसको लागि शिक्षकले कक्षाकोठामा विभिन्न भाषिक समुदायका विद्यार्थीहरूको भाषिक पृष्ठभूमि पहिचान गरेर, उनीहरूको बोद्धिक क्षमता पहिचान गरेर साथै उनीहरूले सिक्न चाहेको भाषाप्रति उनीहरूको दृष्टिकाण, सुझ के छ बुझेर भाषा शिक्षण गर्नु पर्दछ । नेपाली भाषाको परिवेश बढी पाएका, कम पाएका र पाउदै नपाएका विद्यार्थीहरूका लागि नेपाली भाषाको पाठ्यवस्तु कसैका लागि जटिल त कसैका लागि सामान्य हुन सक्छ । बहुभाषिक कक्षामा देखिने यस्ता समस्याको समधानका लागि शिक्षक योग्य, सक्षम, तालिमप्राप्त, दक्ष, धेरैभन्दा धेरै भाषाको ज्ञान भएको, सचेत, विद्यार्थीको मनोज्ञिानलाई बुझ्न सक्ने हुनुपर्दछ । विद्याथीको भाषिक पृष्ठभूमिलाई बुझेर सोही अनुकूल भाषा शिक्षणका सिद्धान्तका आधारमा उपयुक्त शिक्षण विधि, पद्धति, प्रक्रिया अपनाउनु पर्दछ । विद्यार्थीलाई समान अवसर र सक्रिय रूपमा सहभागी गराएर उनीहरूका भाषिक सिकाइमा देखिने त्रुटिलाई निराकरण गर्दै बहुभाषिक परिवेशमा नेपाली भाषा शिक्षणलाई उद्देश्यमूलक, सफल, जीवन्त र प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ ।

सन्दर्भसूची

अवस्थी / Awasthi, L. D. (२००४). Multilingual Nation and Monolingual Notion. An Unpublished Dissertation of Ph. D., Danish University, Denmark.

अधिकारी, अन्जली (सन् २०२१), बहुभाषिक शिक्षाको सन्दर्भमा निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था, Scholars Journal, ४, ३१६-३२८

अधिकारी, हेमाङ्गराज (२०५७), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६४), प्रारम्भिक नेपाली भाषा शिक्षण, छैटौं संस्क. विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), सामाजिक र प्रायोगिक भाषाविज्ञान , रत्न पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र गौतम, रामप्रसाद (२०६५), नेपाली भाषा र साहित्य शिक्षण, दीक्षान्त प्रकाशन ।

खनिया, बुद्धराज (२०७५), नेपाली भाषा शिक्षणः सिद्धान्त र प्रयोग, जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

खनिया, बुद्धराज र अधिकारी, रामकुमार (२०७६), नेपाली भाषा शिक्षणको परिचय, जुपिटर प्रिन्टिंग एण्ड पब्लिक हाउस प्रा. लि. ।

hf]/f ÷Jora, M.B. (२०२०). Multilingual Turn and The Need Of Multilingual Education in The Nepalese Contexet. Sontang, Yearly Peer Reviewed Journal, २ (१), ९९-१०१. https://doi.org/१०.३१२६/sotang.v२i१.४७६०२

ढकाल, लोकप्रसाद (२० जेष्ठ, २०७७), द्विभाषिक र बहुभाषिक कक्षामा नेपाली शिक्षण, स्काइ न्युज नेपाल ।

नेपाली भाषा शिक्षण (२०६५), सक्षमतामा आधारित निम्न माध्यामिक तथा माध्यामिक शिक्षक तालिम स्वाध्ययन सामग्री चौ. सं. शैक्षिक जनशक्ति विकास केन्द्र ।

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय प्रारूप (२०६३), पाठ्यक्रम विकास केन्द्र

पौडेल, माधवप्रसाद (२०६७), दोस्रो भाषाका रूपमा नेपाली शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

बडू, भुवेश्वरी र जोशी, हेमा (२०७८), बहुभाषिक कक्षामा नेपाली शिक्षण, इन्टेलेक्च्युअज् बुक प्यालेस ।

ldofF ÷Miya, F. (२०२३). English Medium Instruction in Multilingual Contexet: Exploring teacher Idealogy Practies. Sotang, Yearly Peer Reviewed Journal, ४ (४), १५६-१६६. https://doi.org/१०.३१२६/sotang.v४i४.५७०८९

रिमाल, डिल्लीराम (२०७४ बिशाख), सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरुको विश्लेशण, विष्णु रिमाल ।

लामिछाने, यादवप्रकाश (२०६२), नेपाली भाषा शिक्षण परिचय, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद (२०७४), नेपाली भाषा शिक्षण, शैक्षिक जनशक्ति विकास केन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२), नेपाली भाषा र साहित्य शिक्षण, न्यु हिराबुक्स इन्टरप्राइजेज ।

सिल\Seel, A. , Yadava, Y. p., & Kadel, S. (२०१५). Medium of instruction and Languages of education (MILE): Ways forward for education policy, planning, and practice in Nepal: Final report. A report submitted to the Ministry of Education and DFID.

श्रीवास्तव, रबीन्द्रनाथ (१९९२), भाषा शिक्षण, वाणी प्रकाशन ।